मुक्तिनाथ दर्शन सेवा
दैनिक माइक्रोबस छुट्ने समय :
बिहान ६:३० बजे

पोखरा साइडसिन सेवा
पोखरा उपत्यका घुम्नका लागि बस छुट्ने समय : बिहान ९:00 बजे
रुट नं. १ : पुम्दीकोट, शान्ति स्तुपा, डेभिजफल, फेवाताल, विन्ध्यवासिनी मन्दिर, महेन्द्र गुफा
रुट नं. २ : बेगनास ताल, रुपा ताल, इन्टरनेशनल माउन्टेन म्युजियम, पचभैया वन्यजन्तु चिडियाघर

मानसरोवर ट्राभल एण्ड टुर्स प्रा.लि.
नागढुंगा, पोखरा-९, फोन नं : 061-589012
544439, 9856051659, 9856034631

राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily

रू. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २६ ❑ अङ्क १९१ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८२ साउन ७ गते बुधबार ❑ 23 July 2025 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।–

## विचारका पछि नभई गुटका पछि लाग्दा पार्टी कमजोर: नेता आचार्य

**पोखरापत्र संवाददाता**
पोखरा, ६ साउन

नेपाली कांग्रेसका नेता महेश आचार्यले विचारका पछि नभई गुटका पछि दगुर्ने क्रमले पार्टी सङ्गठन कमजोर बन्ने गरेको बताउनुभएको छ।



बिपी कोइलालाको ४३औँ स्मृति दिवसका अवसरमा नेपाली कांग्रेस गण्डकी प्रदेश समितिद्वारा मंगलबार पोखरामा आयोजित कार्यक्रममा नेता आचार्यले पछिल्लो समयमा विचारका पछि नभई गुटका पछि दगुर्ने प्रवृत्ति बढिरहेको बताउनुभयो। गुटप्रतिको दासत्वले कांग्रेस गाँजिएको बताउँदै उहाँले त्यसबाट माथि उठ्नु जरुरी रहेको धारणा राख्नुभयो।

बिपीका निष्ठा, समर्पणबाट वर्तमानमा धेरै सिक्न सकिने बताउँदै नेता आचार्यले सत्ताको मात्रै खेल हुँदा त्यसले देशमा दुर्गति निम्त्याउने जिकिर गर्नुभयो । प्रजातन्त्र नभई राष्ट्रियता बलियो नहुने उल्लेख गर्दै उहाँले बिपीले देश र जनताका लागि ठूलो बलिदानी गर्नुभएको बताउनुभयो । पछिल्लो समयमा आर्थिक क्षेत्रमा देखिएको गतिहीनताले निराशा छाएको र सुशासनसँगै देशभित्र रोजगारीको सिर्जनालगायतका कुरामा ध्यान दिनु जरुरी भएको बताउनुभयो ।

नेपाली कांग्रेसका केन्द्रीय सदस्य शारदा पौडेलले बिपीकै योगदानका कारण वर्तमानमा आफूहरूले अभिव्यक्ति दिनसक्ने स्वतन्त्रता प्राप्त गरेको बताउनुभयो । बिपीका आदर्शलाई आत्मसात् गर्दै अघि बढ्न सकेमा त्यसबाट राष्ट्रका लागि उचित मार्गनिर्देश हुने बताउनुभयो ।

नेपाली कांग्रेस कास्कीका पूर्वसभापति एवं पूर्वमन्त्री यज्ञबहादुर थापाले बिपी विचार आफैँमा आदर्श भएको बताउँदै त्यो कहिल्यै नमर्ने बताउनुभयो । 'नागरिक ब्रेडले हैन ब्रेनले सञ्चालन हुन्छ' भन्ने बिपीको महान् वाणीभित्र ठूलो कुरा लुकेको उहाँले बताउनुभयो ।

नेपाली कांग्रेस कास्कीका सभापति किशोरदत्त बरालले पार्टीमा अनुशासन जरुरी रहेको धारणा राख्नुभयो। नेपाली कांग्रेस गण्डकी प्रदेशका कार्यवाहक सभापति कल्पना तिवारीले बिपी विचार अहिले पनि उत्तिकै सान्दर्भिक रहेको बताउँदै उहाँका विचार सबैका लागि अनुकरणीय भएको बताउनुभयो ।

कार्यक्रममा नेपाली कांग्रेस गण्डकी प्रदेशका प्रवक्ता माधवप्रसाद बास्तोला (मधु), सहमहामन्त्री कोपिला रानाभाट, प्रशिक्षण विभाग उपप्रमुख प्राडा कुशुमाकर न्यौपाने, नेपाली कांग्रेस कास्कीका पूर्वसभापति कृष्ण केसी, पोखरा महानगर समितिका सभापति सुरेन्द्रमान विजुक्छे, क्षेत्रीय सभापति केशरप्रसाद निर्दोषी, नेपाल दलित सङ्घ गण्डकीका अध्यक्ष परशुराम वि पोखरेललगायतले बिपी विचारलाई आत्मसात् नगर्दा कांग्रेस दिनानुदिन कमजोर बन्दै गएको धारणा राख्नुभयो ।

## कास्कीमा एक वर्षमा ५ सय २२ वटा उद्योग थपिए

**पोखरापत्र संवाददाता**
पोखरा, ६ साउन

कास्कीमा गत एक वर्षको अवधिमा ५ सय २२ वटा नयाँ उद्योग दर्ता भएका छन् ।

गत बर्ष पर्यटन तथा उद्योग कार्यालय कास्कीमा औधोगिक फर्म तर्फ ५ सय २२ वटा फार्महरु दर्ता एवं इजाजत पत्र लिएको पर्यटन तथा उद्योग कार्यालय कास्कीका प्रमुख दिनेश प्रकाश आचार्यले जानकारी दिनुभयो ।

कास्कीमा १८ हजार २ सय १० वटा औधोगिक फार्महरु हाल कायम रहेका छन भने हालसम्म कास्कीबाट २४ हजार ८ सय वटा फार्म दर्ता गरेका वा इजाजत पत्र लिएको कार्यालयले जनाएको छ । त्यसै गरी गत बर्ष बाणिज्य तर्फ भने ९ सय ६० वटा फार्महरुले दर्ता गरेको कार्यालयले दिएको तथ्याङ्कमा उल्लेख गरिएको छ। कास्कीमा हालसम्म २५ हजार ५ सय ३८ वटा बाणिज्य फार्महरु कायम रहेका छन भने हालसम्म कास्कीवाट ३१ हजार १ सय ३० बटाले दर्ता वा इजाजत पत्र लिएकाछन् । खारेज हुने उद्योगको सङ्ख्या बर्सेनि वृद्धि हुँदै गएको कार्यालय प्रमुख आचार्यले बताउनुभयो । विदेश जाने युवाहरुका कारण उद्योग दर्ता गर्ने केही समय पश्चात बन्द गर्ने हुँदा खारेजीको सङ्ख्या बर्सेनि वृद्धि हुने गरेको उहाँले दाबी गर्नुभयो। कार्यालयले अघिल्लो बर्ष भन्दा गत वर्ष राजश्व बढी संकलन गर्न सफल भएको छ। प्राइभेट फार्म संसोधन गरेकोमा नविकरणको म्याद सकिएका उक्त फार्महरुको निश्चित शुल्क तिरेर नविकरण खुल्ला भएसंगै गत बर्ष राजश्व वृद्धि भएको कार्यालय प्रमुख आचार्यले बताउनु भयो ।

कार्यालयले गत बर्ष २ करोड ९१ लख १६ हजार ७ सय ६० रुपैया राजश्व संकलन गर्न सफल भएको छ । अघिल्लो आर्थिक बर्ष २०८०/२०८१ मा १ करोड ९२ लाख ७९ हजार ४० रुपैया राजश्व संकलन गर्न सफल भएको थियो। २० लाखसम्मका पुंजि भएका फार्महरुको हकमा जरिवाना तस्तुर प्रति बर्ष २ हजार ५ सय र २० लाख माथिका उद्योग फार्महरुको हकमा बर्षको ५ हजार ५ सयका दरले शुल्क लाग्ने गरी हाल नविकरण गर्न सुरु भएको हो । कार्यालयको गत बर्ष ७७.२४ प्रतिशतले प्रगती गर्न सफल भएको कार्यालयले जनाएको छ।

## गण्डकी प्रदेशका मुख्यमन्त्री पाण्डे चीन भ्रमणमा

**पोखरापत्र संवाददाता**
पोखरा, ६ साउन

गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डे साताव्यापी भ्रमणका लागि मंगलबार छिमेकी मुलुक चीन प्रस्थान गर्नुभएको छ।

नेपाल-चीन कूटनीतिक सम्बन्ध स्थापना भएको ७० औँ वार्षिकोत्सवको अवसरमा आयोजित कार्यक्रममा सहभागी हुन मुख्यमन्त्री पाण्डे पाँच सदस्यीय भ्रमण दलको नेतृत्व गर्दै त्यसतर्फ जानुभएको मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले जनाएको छ । मुख्यमन्त्री पाण्डेले आफ्नो अनुपस्थितिमा कार्यवाहक मुख्यमन्त्रीको जिम्मेवारी कृषि, भूमि व्यवस्था तथा सहकारीमन्त्री पद्मा जिसी श्रेष्ठलाई तोक्नुभएको छ । चीन प्रस्थान गर्नुपूर्व मुख्यमन्त्री पाण्डेलाई पोखरा अन्तर्राष्ट्रिय विमानस्थलमा प्रदेश सरकारका मन्त्री एवं उच्च पदस्थ अधिकारीहरूले बिदाइ गर्नुभएको थियो ।

भ्रमण टोली यही साउन १२ गते नेपाल फर्कने कार्यक्रम छ।

## पुष्पलालले देखेका सपना पुरा गर्नुपर्नेमा जोड

**पोखरापत्र संवाददाता**
पोखरा, ६ साउन

नेपाल कम्युनिष्ट पार्टीका संस्थापक महासचिव एवम् विश्व कम्युनिष्ट पार्टीको घोषणापत्रका नेपाली अनुवादक, पुष्पलालले देखेका सपना पुरा गर्नु आजको आवश्यकता भएको मंगलबार यहाँ आयोजित एक कार्यक्रममा जोड दिइएको छ।



नेपाल कम्युनिष्ट पार्टी (एमाले) पोखरा महानगर कमिटीद्धारा आज पुष्पलाल अनुसन्धान केन्द्र पोखरा २१ फेदीपाटनमा ४७ औं स्मृति दिवसका अवसरमा आयोजित श्रद्धाञ्जली सभामा बोल्ने वक्ताहरुले पुष्पलाल समकालीन क्रान्तिको कार्यदिशा र मुख्यतः संयुक्त जनआन्दोलका विचारक भएकोकोमा जोड थियो।

नेकपा एमालेका नेता सोमनाथ अधिकारी प्यासीले सो केन्द्रमा रहेको पुष्पलालको अर्धकदको शालिकमा माल्यार्पण गर्दै समाजको गुणात्मक परिवर्तनका लागि आफ्नो सम्पूर्ण जीवन पार्टी र क्रान्तिलाई समर्पित गर्नु हुने उहाँ पारिवारिक सहादलको इतिहासमा नेपाली लेनिन भएको बताउनुभयो।

नेपाली कम्युनिष्ट आन्दोलनमा उहाँ जस्तो स्वतन्त्र राष्ट्रिय चिन्तक, विचार, राजनीति, पार्टी संगठन, भौतिकवादी खोज अनुसन्धान तथा साहित्य निर्माणमा वैज्ञानिक योगदान गर्ने क्रान्तिकारी नैतिकवान नेता पुष्पलालले देख्नु भएका सपना पुरा गर्नु आजको आवश्यकता भएकोमा नेता अधिकारीको जोड थियो। उहाँले भन्नुभयो, मुलुकको अवस्थामा परिवर्तन भइसकेको छ र अवको आवश्यकता भनेको जनताको गणतन्त्र नेपालको सुदृढीकरण तथा बैज्ञानिक समाजवाद हुँदै साम्यवादको लक्ष्यमा अघि बढ्न देशभक्त कम्युनिष्टहरुलाई मात्र नभई लोकतान्त्रिक पुस्तालाई समेत सर्वत्र उत्प्रेरित गर्न सके मात्र पुष्पलाल प्रति सच्चा श्रद्धाञ्जी हुने छ। नेकपा एमाले कास्कीका अध्यक्ष वैन बहादुर अधिकारी क्षेत्रीले यो मुलुकको विकास निर्माण र जनताको अधिकारको सुनिश्चितता एमाले वाहेक अरुले गर्न नसक्ने वताउनुभयो। सफलता प्राप्तिका लागि पार्टी कार्यकर्तालाई एकवद्ध एवम् संगठित भएर अघि बढ्नु पर्नेमा उहाँको जोड थियो।

एमाले पोखरा महानगरपालिकाका अध्यक्ष जिवन आचार्यले विकट स्थानमा जन्मेर पनि पुष्पलाले नेपालको कम्युनिष्ट आन्दोलनमा खेल्नु भएको भूमिकाप्रति चर्चा गर्नुभएको थियो । कार्यक्रममा महानगर उपाध्यक्ष नरेन्द्रनाथ ढुङ्गाना र सचिव शुशिल वस्नेतले नेपालको कम्युनिष्ट आन्दोलनमा पुष्पलालको भूमिकाका सम्वन्धमा प्रकाश पार्नुभएको थियो । सो अवसरमा अध्ययन केन्द्रको अग्रभावमा रहेको पुष्पलाल र कास्कीका कम्युनिष्ट आन्दोलनका धरोहर वलराम उपाध्यायको अर्धकदको शालिकमा माल्यार्पण गरिएको थियो। कार्यक्रममा गण्डकी प्रदेश सभा सदस्यहरु, स्थानीय तहका जनप्रतिनिधि, पार्टीका विभिन्न तह र तप्कामा रहनु हुने नेतागण, कार्यकर्ता एवम् सर्वसाधारणको सहभागिता रहेको थियो।

त्रिदिवसीय कार्यक्रम अन्तर्गत पाँच गते पोखरा ७ नुवारथोकस्थित पुष्पलाल स्मृति पार्कको सरसफाई र राष्ट्रिय युवा संघद्धारा सातगते विहान पृथ्वीचोकमा खुल्ला रक्तदान र पार्टी उपमहासचिव प्रदिप ज्ञावलीको प्रमुख आतिथ्यतामा साईमनमा विचार गोष्ठीको आयोजना गरिने भएको छ।

## गण्डकीका पदयात्रा मार्ग सुधारमा जोड दिँदै टानले मन्त्री समक्ष १४ बुँदे मागपत्र पेश

**पोखरापत्र संवाददाता**
पोखरा, ६ साउन

पदयात्रा पर्यटनको समग्र सुधार र संरक्षणका लागि विगत लामो समयदेखि लाग्दै आएको ट्रेकिङ एजेन्सीज् एशोसिएसन अफ नेपाल (टान) गण्डकीले वन तथा वातावरण मन्त्रालयमा १४ बुँदे ध्यानाकर्षणपत्र बुझाएको छ।



नेपाल सरकारका वन तथा वातावरण मन्त्री ऐन बहादुर शाही ठकुरीलाई बुझाइएको उक्त पत्रमा पदयात्रा क्षेत्रमा देखिएका समस्याहरूको समाधानका लागि स्पष्ट नीति तथा समन्वयको माग गरिएको छ।

पदयात्रा क्षेत्रको दीर्घकालीन र सुरक्षित विकास, व्यवसायमैत्री वातावरण निर्माण, संरक्षित क्षेत्रको व्यवस्थापन तथा विपद् व्यवस्थापन प्रणालीको सुदृढीकरण आवश्यक रहेकोमा जोड दिइएको टान गण्डकीका अध्यक्ष कृष्णप्रसाद आचार्यले बताउनु भयो । त्यसै गरी पूर्वाधारको अभाव, नीतिगत

बाँकी अन्तिम पृष्ठमा ▶▶

सुपथ मूल्यमा आकर्षक छपाइ

पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# विपी स्मृति एमेचर फुटसल सुरु पहिलो दिन १४ खेल सम्पन्न

**पोखरापत्र संवाददाता**
पोखरा, ६ साउन

पोखरामा विपी स्मृति एमेजर फुटसल प्रतियोगिता सुरु भएको छ । नयाँ गाउँ युथ क्लबको व्यवस्थापनमा पोखरा रंगशालामा मंगलबारबाट प्रतियोगिता सुरु भएको हो ।



युगपुरुष विपी कोइरालाको ४३ औं स्मृति दिवसको अवसर पारेर प्रतियोगिताको आयोजना गरिएको हो । जननायक विपि कोइरालाले राष्ट्रिय एकता तथा मेलमिलाप नीति कायम गराएका थिए । मेलमिलाप तथा राष्ट्रिय एकता कायम गराउने व्यक्तिले दिएको सन्देशलाई आत्मसात गर्दै अमित गुरुङ र अन्तिम गुरुङले आफ्ना स्वर्गारोहण भएका साथिहरुको स्मृतिमा प्रतियोगिताको आयोजना गरेको हो ।

प्रतियोगिताको उद्घाटन गर्दै नेपाली कांग्रेसका केन्द्रिय सदस्य गुरुदत्त बरालले राज्यले खेलकुदमा लगानी बढाउन आवश्यकता रहेको बताए । विपि कोइरालाको सौँच र विचार राष्ट्रिय एकता र मेलमिलाप भएको सुनाउँदै अबको समयमा त्यो खेलकुदबाट सम्भव रहेको बताए । युवाहरुको रोजाइ नै खेलकुद क्षेत्र रहेकाले यसमा राज्यले लगानी बढाइ खेलकुदलाई व्यवसायिकता बनाउनुपर्नेमा उनको जोड थियो । प्रतियोगिताको विजेताले नगद एक लाख रुपैयाँको साथमा शिल्ड, मेडल र ट्रफी प्राप्त गर्नेछन् । यस्तै उपविजेताले ५० हजार रुपैयाँको साथमा शिल्ड मेडल र प्रमाणपत्र प्राप्त गर्नेछन् । सर्वोत्कृष्ट खेलाडीले ५ हजार तथा उत्कृष्ट गोलरक्षक र उच्च गोलकर्ताले समान दुई/दुई हजार रुपैयाँ प्राप्त गर्ने प्रतियोगिता संयोजक विकास गुरुङले जानकारी दिए । युवाको प्रतिभा उजागर गर्न र स्थानीय र राष्ट्रिय खेलाडीबिच सम्पर्क तथा सम्बन्ध स्थापित गर्ने उद्देश्यले पहिलो पटक प्रतियोगिता आयोजना गरिएको अमित र अन्तिमले बताए । दुई दिनसम्म चल्ने प्रतियोगितामा करिब ३० टिमको सहभागिता रहको छ ।

प्रतियोगीताबाट बचत हुने रकम तनहुँको भानु नगरपालिका ७ मा रहेको चण्डिका बालगृहलाई सहयोग गर्ने आयोजकले जनाएको छ । सो बाल गृहमा हाल विभिन्न जिल्लाका १८ जना असहाय बालबालिका आश्रित रहेका छन् । अनिल गुरुङ, सजत कार्की र उत्तम गुरुङको स्मृतिमा उनका साथिद्धय अमित र अन्तिमले मुख्य प्रायोजन गरेका हुन भने, प्रदेश खेलकुद परिषद् गण्डकी, लोकतान्त्रिक खेलकुद संघ कास्की र नयाँ गाउँ युवा क्लबको सहयोग रहेको छ ।

# तेस्रो गौडाकोमुख क्वाटी तथा गाइजात्रा उत्सवको तयारी पुरा

**पोखरापत्र संवाददाता**
पोखरा, ६ साउन

प रा पू र्व का ल देखि चलिआएको धार्मिक एवं साँस्कृति पर्वलाई संरक्षण गर्ने उद्देश्यले गौडाकोमुखमा तेस्रो क्वाटी तथा गाइजात्रा उत्सव-२०८२ को तयारी पुरा भएको छ ।

पोखरा महानगरपालिका वडा नं १३ स्थित बालगोपाल भजन कृतन सेवा समितिको आयोजनामा आगमी साउन १७ गते शनिवार गाइजात्रा उत्सव हुन लागेको हो । सो उत्सव सम्पन्न गर्नको लागि गौडाकोमुख युवा समिति, बालगोपाल आमा समूह र गौडाकोमुख मिसाः पुचको मुख्य सहयोग रहने छ । हिन्दु कलाकृति र संस्कृतिको संरक्षण गर्ने उद्देश्यले सो उत्सव साउन १७ गर्न लागिएको कार्यक्रम संयोजक धिरजप्रसाद ढेवाजूले पोखरापत्रलाई वताए । परापुर्वकालदेखि जनैपुर्णिमाको दिन क्वाँटी खाने प्रचलन छ । जुन क्वाँटी चारदिन भिजाएर टुसा उम्रेपछि पकाएर खानाले स्वास्थ्यको लागि उत्तम भएको संयोजक ढेवाजुले जानकारी गराए । कार्यक्रम सफल पार्नको लागि विभिन्न शिर्षकमा एक दर्जन भन्दा बढि उपसमिति गठन गरिएको छ ।

# निरन्तरको मिहिनेतले मात्र सफलता

**पोखरापत्र संवाददाता**
पोखरा, ६ साउन



नमूना माविको रुपमा परिचित अमरसिंह मावि रामघाट पोखराले मंगलबार विज्ञान शाखा अन्तरगत कक्षा ११ का नवआगन्तुक विद्यार्थीलाई स्वागत तथा अभिमुखीकरण कार्यक्रम सम्पन्न गरेको छ ।

तल्लो कक्षादेखि अंग्रेजी माध्यम। विद्यालय व्यवस्थापनमा अभिभावकको प्रत्यक्ष चासो । शिक्षणमा नवीनतम् विधि । पोखरास्थित अमरसिंह माध्यमिक विद्यालयको विशेषता हो । इसीडीदेखि कक्षा १२ सम्म अध्यापन हुने यो विद्यालयले निरन्तर उत्कृष्ट शिक्षा प्रदान गर्दै आएको विद्यालयका प्रधानाध्यापन बलराम पोखरेलले जानकारी दिनुभयो ।

नर्सरीदेखि वाह्र कक्षासम्म विद्यालयमा अहिले २७ सय विद्यार्थी अध्ययनरत छन् । यस वर्षको एसइई परीक्षामा पाँच जना विद्यार्थीले फोजिपीए ल्याएका थिए । भर्नाका समयमा विद्यार्थीको चाप थेगिनसक्नु हुन्छ । यस वर्ष कक्षा ११ विज्ञान विषयका लागि एक सय सत्तरी सिटका लागि एक हजार तीन सय विद्यार्थीको आवेदन परेको जानकारी प्रधानाध्यापक पोखरेलले दिनुभयो । नयाँ शैक्षिक सत्रमा विद्यालयले प्रवेश परीक्षा लिएर मात्र नयाँ विद्यार्थी भर्ना गर्ने गरेको छ । यो विद्यालयको वातावरण विद्यार्थी मैत्री बनाउँदै गुणस्तरीय शिक्षा प्रदान गर्दै आएको विद्यालय व्यवस्थापन समितिका अध्यक्ष कृष्ण प्रसाद कोइरालाले बताउनुभयो । उक्त कार्यक्रममा प्रमुख पोखरा महानगरपालिका वडा नं १२ का अध्यक्ष सन्तोष वास्तोलाले विद्यालयले गुणस्तरीय शिक्षासँगै विद्यार्थीलाई नैतिक शिक्षा समेत प्रदान गर्न आवश्यक भएको बताउनुभयो । अमरसिंह मावि गण्डकी क्षेत्रको मात्र नभई देशकै उत्कृष्ट सामुदायिक माविको रुपमा परिचित रहेको बताउँदै विद्यार्थीको मिहिनतले नै विद्यालयले सफलता हासिल गर्ने उहाँले बताउनुभयो । डा.चिन्तामणि योगीले उत्प्रेरक शुभकामना तथा अभिमुखीकरण मन्तव्य दिँदै विद्यार्थीको निरन्तर मिहिनेतले मात्र विद्यालयले सफलता हासिक गर्न सक्ने बताउनुभयो । विद्यालयले शैक्षिक वातावरण दिन सक्नुपर्ने बताउँदै उहाँले विद्यार्थीको हरेक क्रियाकलाप र उनीहको मनाविज्ञान बुझेर अगाडि वढ्नु पर्ने सुझाव दिनुभयो । विद्यार्थी केन्द्रित शिक्षण विधि प्रयोग गर्न समेत उहाँले आग्रह गर्नुभयो ।

बिशिष्ट अतिथिको रुपबाट बोल्दै शिक्षाविद् जर्ज जोनले सामुदायिक विद्यालय मध्ये अमर सिंह उत्कृष्ट माविको रुपम आफूलाई चिनाउन सकेको वताउनुभयो । सो अवसरमा डा. लेखनाथ खनाल, विद्यालयका प्रधानाध्यापक बलराम पोखरेल, विज्ञान शाखा प्रमुख रुना श्रेष्ठ,सुरेन्द्र अधिकारी लगायतले आफ्नो भनाइ राख्नुभएको थियो । उक्त अवसरमा विज्ञान शाखा अन्तरगत कक्षा १२ का विद्यार्थीले नृत्य प्रस्तुत गर्नुको साथै विद्यार्थीलाई छात्रवृत्ति समेत प्रदान गरिएको थियो । विद्यालयमा दृष्टिविहीन विद्यार्थीसमेत अध्ययनरत छन् । उनीहरुलाई ब्रेल लिपिमा पढाइन्छ ।

# डेंगी र कोरोना देखिन थालेपछि गण्डकीमा सतर्कता

**पोखरापत्र संवाददाता**
पोखरा, ६ साउन

डेङ्गी र कोराना सङ्क्रमणको जोखिम बढेपछि गण्डकी प्रदेशका स्वास्थ्यमन्त्री कृष्णप्रसाद पाठकले आज मन्त्रालयमा आकस्मिक बैठक राखी मातहतका निकायलाई रोकथामको तयारीसहित उच्च सतर्कता अपनाउन निर्देशन दिनुभएको छ ।

आइतबार पोखराको चरक अस्पतालमा कोरोना सङ्क्रमित ७४ वर्षीया महिलाको उपचारका क्रममा निधन भएपछि स्वास्थ्य मन्त्रालयले यसमा चासो र सतर्कता बढाएको हो ।

स्वास्थ्यमन्त्री पाठकले डेङ्गी र कोरोना सङ्क्रमणको जोखिम नियन्त्रणका लागि मन्त्रालय मातहतका अस्पताल र जनस्वास्थ्य कार्यालयलाई आवश्यक तयारी गर्न निर्देशन दिइएको बताउनुभयो । उहाँका अनुसार प्रदेशभित्र हालसम्म ४६० जना डेङ्गी सङ्क्रमण पुष्टि भएको छ । साउनदेखि कात्तिकसम्म डेङ्गी सङ्क्रमण बढ्ने जोखिम उच्च रहने भएकाले सङ्क्रमण रोकथाम तथा व्यवस्थापनको तयारी गर्नुपर्ने स्वास्थ्यमन्त्री पाठकले बताउनुभयो । गण्डकी प्रदेश स्वास्थ्य निर्देशनालयका महानिर्देशक खिमबहादुर खड्काले कोरोना सङ्क्रमित महिलाको मृत्युको घटनाबाट सबै सचेत हुनुपर्ने बताउनुभयो । गत असार २५ गते कोरोना सङ्क्रमण पुष्टि भएका महिलाको आइतबार मृत्यु भएको थियो । "उहाँमा अन्य स्वास्थ्य समस्यासँगै कोरोना सङ्क्रमण देखिएको थियो, अवस्था जटिल बन्दै गएपछि उपचारकै क्रममा निधन भएको हो", महानिर्देशक खड्काले भन्नुभयो, "कोरोनाको कुन भेरियन्ट हो भन्ने अझै पत्ता लागिसकेको छैन, कोरोनाका कारणले मात्र नभई अन्य स्वास्थ्य समस्यासमेत रहेकाले बिरामीको मृत्यु भएको हो ।"

सङ्क्रमित महिलामा उच्च रक्तचाप, मधुमेहलगायत समस्या रहेको उहाँले बताउनुभयो । स्वासप्रश्वासमासमस्यादेखिएपछि अस्पताल भर्ना हुनुभएकी महिलामा कोरोना सङ्क्रमण देखिएको थियो । महानिर्देशक खड्काका अनुसार गत पुसयता गण्डकी प्रदेशका आठ जनामा कोरोना सङ्क्रमण पुष्टि भएको छ ।

गतवर्ष डेङ्गी सङ्क्रमणको 'हटस्पट' बनेको प्रदेशको राजधानी सहर पोखरासहित सबै जिल्लामा सचेतना र अभिमुखीकरण कार्यक्रम सञ्चालन भइरहेको स्वास्थ्य मन्त्रालयले जनाएको छ । पोखरा महानगरपालिकाको स्वास्थ्य महाशाखाका जनस्वास्थ्य निरीक्षक राजेन्द्र रेग्मीले महानगरको लेखनाथ क्षेत्रमा फाट्टफुट्ट रूपमा डेङ्गीको सङ्क्रमण देखिन सुरू गरेको बताउनुभयो । "डेङ्गी सङ्क्रमणको उच्च जोखिम रहने समय नजिक आइरहेकाले रोकथामका उपायबारे समुदायमा अभिमुखीकरण गर्ने काम गरिएको छ", उहाँले भन्नुभयो ।

कक्षा ७ देखि १० कक्षासम्मका विद्यार्थी, महिला स्वास्थ्यस्वयंलगायतलाई पनि डेङ्गी सङ्क्रमण रोकथामका विषयमा सचेतना प्रदान गरिएको जनस्वास्थ्य निरीक्षक रेग्मीले बताउनुभयो । डेङ्गी परीक्षणका लागि 'कीट' व्यवस्थापन र स्वास्थ्यकर्मीको क्षमता अभिवृद्धिका काममा पनि महानगरको स्वास्थ्य महाशाखा लागिपरेको उहाँको भनाइ छ । गत वर्ष पोखरा महानगरपालिकामा मात्र आठ हजार ६०० जनाभन्दा बढीमा डेङ्गी सङ्क्रमण भएको थियो । डेङ्गी सङ्क्रमणबाट पोखराका तीन जनाको मृत्यु भएको थियो । त्योबेला प्रदेशको स्वास्थ्य मन्त्रालयले पोखरा डेङ्गी सङ्क्रमणको 'हटस्पट' बनेको उल्लेख गरेको थियो । गतवर्ष भदौ पहिलो हप्तादेखि असोज पहिलो हप्तासम्ममा पोखरामा छ गुणाले डेङ्गी सङ्क्रण बढेको थियो ।

महानगरपालिकाले लामखुट्टेको वासस्थान खोज्ने र नष्ट गर्ने अभियान वडा तहदेखि नै सुरू गर्दै आए पनि डेङ्गी रोकथाम चुनौतीपूर्ण बन्दै गएको जनस्वास्थ्य निरीक्षक रेग्मीले बताउनुभयो । "हरेक व्यक्ति, परिवार र समुदाय सचेत नभएसम्म डेङ्गी रोकथाम र नियन्त्रण गर्न कठिन छ", उहाँले भन्नुभयो । डेङ्गी फैलाउने लामखुट्टेको टोकाइबाट जोगिन घर, कार्यालय र सार्वजनिकस्थलमा रहेका खाल्डाखुल्डी, पुराना टायर, ड्रम, भाँडाकुँडा आदिमा पानी जम्मा हुन नदिने र त्यस्ता स्थल भेटिएमा नष्ट गर्नुपर्ने उहाँले बताउनुभयो । डेङ्गी रोग सार्ने 'एडिस एजिप्टाई' जातको पोथी लामखुट्टेको बासस्थान सबैभन्दा बढी पुराना टायरभित्र जमेको सफा पानीमा रहने गरेको छ । सफा र जमेको पानीमा उक्त लामखुट्टेले फुल पार्ने र लार्भा हुर्काउने गर्दछ । लामखुट्टको सोही जीवनचक्र खल्बल्याउन बासस्थान खोज्ने र नष्ट गर्ने अभियान सञ्चालन गर्ने गरिएको हो ।

## गण्डकीका ...

अस्पष्टता, समन्वयको कमजोरी, अवैध गतिविधि तथा उद्धार व्यवस्थापनको कमजोरी जस्ता समस्याले पदयात्रा पर्यटन व्यवसायमा गम्भीर असर पारिरहेको उहाँले जनाउनु भयो ।

ध्यानाकर्षण पत्रमा एउटै परमिटबाट विभिन्न गन्तव्यमा पुनःप्रवेश गर्न मिल्ने व्यवस्था हुनुपर्ने र यसबाट ट्रेल मर्मत, सूचना केन्द्र सञ्चालन, उद्धार तयारी जस्ता क्षेत्रमा प्रत्यक्ष लाभ हुने जनाइएको छ । परमिट नवीकरण प्रणालीमा स्पष्टता ल्याउन र अवैध रूपमा शुल्क असुली भइरहेको प्रति टानले आपत्ति जनाएको छ । अवैध पदयात्रा सञ्चालनमा कडाइ गरी मात्र अनुमोदित कम्पनी र गाइडमार्फत यात्रा गर्न दिने नीति कार्यान्वयन गर्नुपर्ने, टिम्स प्रणालीलाई प्रभावकारी बनाउँदै चेक पोष्टहरुको पुनर्संरचना र निगरानी बढाउनुपर्ने माग टानले पेश गरेको ध्यानाकर्षणपत्रमा उल्लेख छ । साथै, संरक्षण क्षेत्रका बन्यजन्तु तथा चराचुरुङ्गी चोरी पैठारी रोक्न कानुनी कार्यान्वयनलाई थप कडाइ गर्नुपर्नेमा टानको जोड छ।

उच्च हिमाली क्षेत्रमा मौसम पूर्वानुमान प्रणाली कमजोर रहेको भन्दै सुरक्षित यात्रा सुनिश्चित गर्न मौसम सूचना केन्द्र स्थापना गर्नुपर्ने माग गरिएको छ। त्यस्तै, अनियन्त्रित जलविद्युत् योजनाका कारण पदमार्ग मासिने खतरा बढेकाले त्यसका लागि छुट्टै क्षेत्र निर्धारण गरी परियोजना सञ्चालन गर्नुपर्नेमा टानको जोड छ । ध्यानाकर्षणपत्रमा पर्यटन नीति निर्माण तथा कार्यान्वयनमा सरोकारवाला निकायको सहभागिता सुनिश्चित गर्नुपर्ने, संघीय र प्रदेश सरकारबीच समन्वय गरी व्यावहारिक सुधार ल्याउन मन्त्रालय अग्रसर हुनुपर्ने माग गरिएको छ । त्यसै गरी धवलागिरी हिमशृंखला क्षेत्रलाई औपचारिक संरक्षित क्षेत्र घोषणा गरी सम्पूर्ण पदमार्गलाई "पदयात्रा संरक्षण क्षेत्र"का रूपमा विकास गर्नुपर्ने सुझाव पनि समावेश गरिएको छ ।

टान गण्डकीले मन्त्रालयको सकारात्मक पहलबाट पदयात्रा पर्यटन क्षेत्र व्यवस्थित, सुरक्षित र दिगो हुने विश्वास व्यक्त गरेको छ। कार्यक्रममा गण्डकी प्रदेशमा मुख्यमन्त्री सुरेन्द्रराज पाण्डे, पोखरा पर्यटन परिषदका अध्यक्ष तारानाथ पहारी लगायतको सहभागिता रहेको थियो ।

# मदन पुरस्कारका लागि सात पुस्तकको सूची सार्वजनिक

**रासस**
काठमाडौं, ६ साउन

मदन पुरस्कार गुठीले विसं २०८१ को मदन पुरस्कारका लागि छनोट भएका श्रेष्ठ पुस्तकहरूको सूची मंगलबार सार्वजनिक गरेको छ ।

गुठीले मंगलबार एक विज्ञप्ति जारी गरी पुरस्कारका लागि २९९ पुस्तक प्राप्त भएकामा त्यसमध्यबाट सात पुस्तकको सूची सार्वजनिक गरेको हो ।

सूचीमा परेका पुस्तकहरूमा छुदेन काविमोको 'उरमाल', रमेश भुसालको 'छालबाटो : कैलाशदेखि गङ्गासम्म', कुमारी लामाको 'दर्ज्यु संलाप', मनप्रसाद सुब्बाको ' पञ्चतत्वको पालाम', श्रेयज सुवेदीको 'बहुरुपी', सुधीर शर्माको 'भिक्षु, व्यापार र विद्रोह (नेपालको भोट-चीन सम्बन्ध र भारत)' र तीर्थ गुरुङको ' हिउँको गीत' परेका छन् । गुठीका अध्यक्ष कुन्द दीक्षितले ती सात कृतिमध्ये छानिएको एक कृतिलाई २०८१ सालको मदन पुरस्कार प्रदान गरिने जानकारी गराउनुभएको छ । उक्त पुरस्कारको राशि रु चार लाख रहेको छ ।

# पोउवा संघका अध्यक्ष कार्की चीन प्रस्थान

**पोखरापत्र संवाददाता**
पोखरा, ६ साउन

पोखरा उद्योग वाणिज्य संघका अध्यक्ष गोकर्ण कार्की तथा पूर्वअध्यक्ष विश्वशंकर पालिखेले नेपाल तथा जनवादी गणतन्त्र चीनबीच दौत्य सम्बन्ध स्थापनाको ७० औं वार्षिकोत्सवको विशेष समारोहमा सहभागिता जनाउने भएका छन् ।

सो समारोहमा सहभागिता जनाउन अध्यक्ष कार्की तथा पूर्वअध्यक्ष पालिखे मंगलबार हिमालय एयरलायन्सको विमानबाट तिब्बत प्रस्थान गरेका हुन् । अध्यक्ष तथा पूर्वअध्यक्षलाई पोखरा उद्योग वाणिज्य संघका कार्यवाहक अध्यक्ष तथा उद्योगतर्फका उपाध्यक्ष दीनेशचन्द्र बास्तोला,वाणिज्यतर्फका उपाध्यक्ष बलराम आचार्य,महासचिव शोभा गौतम,कोषाध्यक्ष मनोज श्रेष्ठ,उपमहासचिव सुदीप प्रधानाङ्ग तथा कार्यसमिति सदस्य जीवन श्रेष्ठलगायतले विदाइ गरे । चीनको स्वशासित क्षेत्र तिब्बतले कुटनीति सम्बन्ध स्थापनाको ७० औं वार्षिकोत्सवको अवसरमा विशेष कार्यक्रम आयोजना गर्न लागेको हो । अध्यक्ष तथा पूर्वअध्यक्षको एकहप्ते सो भ्रमण दलको नेतृत्व चाहिँ गण्डकीका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले गरेका छन् । पोउवा संघकी महासचिव शोभा गौतमका अनुसार अध्यक्ष कार्की तथा पूर्वअध्यक्ष पालिखेले चीन भ्रमणका क्रममा द्विपक्षीय व्यापार बृद्धि, पर्यटन प्रवर्द्धन एवं नेपालमा चिनियाँ लगानी भित्र्याउनका निम्ति विभिन्न सरोकारवाला निकायहरुसँग भेटवार्ता गर्ने कार्यक्रम तय भएको छ ।




फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

नैतिक कामका लागि पनि अनैतिक काम नगर्नुस् ।
– थमस हाडी

## सम्पादकीय

# कांग्रेस र कम्युनिस्टले बिर्सेको बाटो

नेपालको राष्ट्रिय हित र नेपाली जनताको मुक्तिको लागि पार्टी स्थापना गरेर जीवनकाल भरी सर्घषरत स्वर्गीय वीपी कोइराला र पुष्पलाल दुई सपुतलाई देशैभरी सम्झने गरिन्छ । हरेक वर्षको साउन ६ र ७ गते नेपाली आमाका दुई सपुत स्व.वी.पी कोइराला र पुष्पलाल श्रेष्ठलाई नेपाली काङ्ग्रेस र नेपाल कम्युनिस्ट पार्टीले सम्झने गर्दछन । नेपालमा जहानीया राणा शासनको अन्त्य गरि बहुदलीय लोकतन्त्र स्थापना गर्न उनीहरुले गरेको संघर्ष र योगदानहरुको चर्चा हुने गरेको छ । नेपाली कांग्रेसका संस्थापक एवं पहिलो जननिर्वाचित प्रधानमन्त्री वी.पी कोइरालाको निधन भएको ४३ वर्ष भएको छ । आज भन्दा ४३वर्ष अघि २०३९ साल साउन ६ गते वी.पी को निधन भएको थियो । नेपाल कम्युनिष्ट पाटीका संस्थापक महासचिव पुष्पलाल श्रेष्ठको निधन भएको ४७ वर्ष भएको छ । पुष्पलालको २०३५ साल साउन ७ गते भारतको गोविन्द बल्लव पन्त अस्पतालमा निधन भएको थियो । वी.पी.को निधन क्यान्सर बाट भएको थियो भने पुष्पलालको मुटुको व्यथाबाट । वी.पी. राष्ट्रियता, प्रजातन्त्र र समाजबादको लागि जीवन भर लडिरहेका थिए भने पुष्पलाल नेपालमा नौलो जनबाद र समाजबाद स्थापना गर्नको लागि आर्थिक, राजनैतिक र संस्कृतिक हकअधिकारका लागी मृत्यु पर्यन्त लडिरहे ।

नेपालमा जहानिय राणा शासन र निरंकुश निर्दलीय व्यवस्था विरुद्ध लडदै आएका वी.पी. र पुष्पलालको आर्दशबाट अहिलेका नेपाली कांग्रेस र नेपाल कम्युनिष्ट पार्टीका कार्यकर्ताहरु प्रभावित भएर राजनीतिमा होमिएका हुन । वी.पी. र पुष्पलालको शालीकमा माल्यार्पण गर्ने देखि उनीहरुको आर्दशको बारेमा विभिन्न कार्यक्रम गरी चर्चा गर्ने गरिन्छ । नेपालमा पुष्पलालले स्थापना गरेको कम्युनिस्ट पार्टीका नेताहरु मिल्न सकेका छैनन् । वीपीले स्थापना गरेको नेपाली कांग्रेस आफ्ना नेताको आदर्श, मूल्यमान्यतालाई तिलाञ्जली दिएर अहिले सरकारमा रमाइरहेको छ। कम्युनिष्ट पार्टीहरु एकताबद्ध हुन छाडेर चिराचिरामा विभाजित भएका छन । नेकपा एमाले र नेकपा माओवादी केन्द्र मिल्न नसक्दा काङ्ग्रेसलाई गुरु थापेर एमाले अध्यक्ष केपी शर्मा ओलीले सरकार चलाएका छन् । नेताहरू देश र जनताको हित भन्दा आफ्नो स्वार्थ र गुटस्वार्थमा लाग्दा कम्युनिस्ट पार्टीको भबिस्य नै खतरामा पर्ने देखिएको छ ।

पुष्पलालको नेपालमा एउटै कम्युनिष्ट पार्टी वनाउने इच्छा नेपालको स्वाभिमान कायम गर्दै जनताको मुहारमा खुशी ल्याउने हो । त्यो आकांक्षा माथि नेताहरूले खेलवाड गरेका छन् । नेताहरुको सिद्धान्त हिन, स्वार्थी स्वभावका कारण कम्युनिष्टहरु साना साना पार्टीमा बिभक्त छन् । देश पहिलो ठानेर सामाजिक न्याय सहितको विकास गरेर सुखि नेपाली वनाउने अभिभारा काङ्ग्रेस र एमालेलाई छ । २०१७ सालमा वि.पी. को दुई तिहाईको सरकार विरुद्ध जुनखेल खेलिएको थियो कम्युनिस्ट पार्टीको सरकार हटाउन सबै शक्ति प्रयोग भयो । नेपालले सात दशक देखिको राजनीतिक संक्रमण अन्त्य गरि स्थिरता तर्फ देश जान लागेको ठानिएको थियो त्यसमा ठेस लागेको थियो । जुन उद्देश्यका लागि लडेका कांग्रेस कम्युनिष्ट बेमेल भएका कारण नयाँ शक्तिको उदय भएको छ । विदेशी शक्तिले खेल्ने मौका पाएका छन । राष्ट्रिय स्वाभिमानलाई कमजोर बनाएका छन । काङ्ग्रेस संस्थापककोआदर्श भुलेर हल न चलको अवस्थामा पुगेको छ । केही पार्टीबाट पाखा लगाइएका छन। दुई तिहाईको वि.पी. नेतृत्वको सरकार हटाउँदा देशले कति ठुलो मुल्य चुकाउनु पर्‍यो भन्ने कुरा अहिलेको नेकपा एमाले र नेपाली काङ्ग्रेसले बुझ्न थालेका छन। काङ्ग्रेस र कम्युनिष्टका नेताहरु गम्भिर नबन्दा पुष्पलाल र वि.पी.को स्मरण गर्नु बिरालो बाँधेर श्राद्ध गर्नु जस्तै हो । देखाउनका लागि वीपी र पुष्पलालको स्मृति गरेर पुग्दैन । राजनीतिक स्थिरता, राष्ट्रिय स्वाभिमान, जनताको जीवनमा परिवर्तनका लागि काम गर्ने अठोट चाहिन्छ । जनता रोग, भोक, अनिश्चित भविष्यबाट छट्पटी परेको बेला जनताका सवाललाई सम्बोधन पहिलो शर्त हो ।

वीपी र पुष्पलाललाई सम्झनु भनेको देशको स्वाभिमान कायम राख्नु, बहुदलीय लोकतन्त्रलाई संस्थागत गर्नु, सिद्धान्तलाई ब्यवहारमा उतार्ने र सामाजिक न्याय स्थापना गर्न लाग्ने प्रण गर्नु हो । पुरानाको त्याग, समर्पण, ईमानदारीलाई संझनु वीपी र पुष्पलाल संझनु हो । क्षणिक सत्ता स्वार्थमा तल्लीन साना दलहरू सरकारबाट बाहिर हुँदा छट्पटी भएको छ । राजनीतिक स्थायित्व र सुशासन दिने र संविधानमा समयानुकूल संशोधन गर्न दुई ठूला दलले जोखिम उठाएका छन। देशलाई बचाउन, जनताको मुहारमा खुशी ल्याउन र राजनीतिक स्थायित्व भएमा लगानीको वातावरण बन्छ।देशमा केही हुन्छ भन्ने सन्देश दिन सकेमा लगानीकर्ता उत्साहित हुन्छन् । आर्थिक अवस्थामा सुधार ल्याउने दिशामा काङ्ग्रेस एमालेको सरकार गएमा दुई दल मिलेर सरकार चलाएको ठिकै छ भन्ने सन्देश दिनु आवश्यक छ । नेपाली आमाका सपूत वीपी र पुष्पलालप्रति श्रद्धा सुमन !


# तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : ब्यापारमा लाभ | तुला | : कार्यमा सफलता |
| वृष | : शत्रुको भय | वृश्चिक | : सहयोग मिल्नेछ |
| मिथुन | : झमेला बड्ने | धनु | : अप्रत्यसित लाभ |
| कर्कट | : शुभ यात्रा | मकर | : सत्कार मिल्नेछ |
| सिंह | : स्वास्थ्यमा सुधार | कुम्भ | : शारीरिक झमेला |
| कन्या | : आर्थिक समस्या | मीन | : मानसिक तनाब |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा–१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# जगन्नाथलाई चिनाउने घिमिरे परिवार

**शोभाकान्त सिग्देल**
पोखरा, ६ साउन

केही समय अघि भेट भएको थियो भिनाजु विष्णुदत्त घिमिरे सँग । भेट्न जाँदा मलाई साथ दिनुभएको थियो नेपाल पत्रकार महासंघ कास्कीका अध्यक्ष तथा मामा माधव वराल । हामी भेट भएको भोलिपल्ट काठामाण्डौ जाने तयारीमा हुनुहुन्थ्यो भिनाजु र दिदी जगदम्बिका । भिनाजु काठमाण्डौ गएपछि पनि फोनमा सम्वाद भइराख्थ्यो । सम्बाद भएको एक हप्ता पछि एक विहानै मोवाइल के हेरेको थिएँ भिनाजु रविन्द्रको फेसबुकमा भिनाजु घिमिरेको फोटोमा आँखा पर्‍यो । आँखा के पर्‍यो मनमा हुटहुटी चल्न थाल्यो । जुन दिन भिनाजुलाई भेट्न घरमा गएका थियौं । भिनाजुले बाबु शोभाकान्त आउ बस भन्नुभयो । मलाइ मात्र नभै एकै लहरमा सबै परिवार सन्चै भन्नु भयो । एउटा बाक्य सकिन पाएको छैन बाबु पत्रकारिता कस्तो चलेको छ । अहिले त गाह्रो हुँदै गएको छ भनी थप माया र चिन्तन व्यक्त गर्नुभयो । परिवार मात्र नभै मेरो २० वर्ष अघि देखीको पेशालाई समेत याद थियो । उहाँको मनमा उमेर सँगै व्यथाले च्यापेपनि बाबु शोभाकान्त भनेर हक्की स्वारमा सम्मान गर्ने भिनाजुको व्यवहार आत्ममा सदैव रहिरहने छ । विरामी भएर विस्तारामा बस्नु भएको थियो तैपनि कस्तो संस्कार र मर्यादा हरेक वोलीमा सकारात्मक विचार मात्र उत्पन्न हुन्थ्यो । म सँग जानु भएको मामा वराललाई चिनाउन माधव भन्दै थिएँ । भिनाजुले माधव वाबु सँग फोनमा धेरै पटक सम्वाद भएको थियो है भन्नु भयो । भिनाजुको वोली खस्न नपाउँदै मामा वरालले हजुर भन्नुभयो । पचभैयामा भिनाजुसँगको भेट हाम्रो अन्तिम भेट हुन पुग्यो । भेटमा भिनाजुले ससुराबा जगन्नाथ सिग्दलेको वारे गहिराइमा चिन्तित देखीनुहुन्थ्यो । जगन्नाथ पोखराको पहिलो पत्रकार पनि हो । उनै जगन्नाथले २०१७ साल कार्तिक २६ गते पोखरामा पहिलो पत्रिका हिमदुत्त प्रकाशन गर्नु भएको थियो । पहिलो सिग्देल पत्रकारको वारे केही गर्नु पर्दछ भनेर त्यति वोला पनि हुटहुटी देखिनुहुन्थ्यो भिनाजु । उहाँको हरेक वाक्यमा माधव वाबु हजुर अध्यक्ष हुनुहुन्छ भने बाबु शोभाकान्त संग पनि सल्लाह गरेर अगाडि बढ्नु बुबा जगन्नाथलाई सदैव सम्झने कार्य गर्नुमा विशेष जोड थियो देखिन्थ्यो भिनाजुको । बद्री जी र सावित्री वहिनी पनि आजै विहानै आएर भेट गरेर जानु भएको हामीलाई भन्नु भयो भिनाजुले । भिनाजु सँग भलाकुसारी भइरहेको समयमा दिदी जगदम्बिका सिग्देल घिमिरेले हामीलाई प्लेटभरी फलफूल ल्याएर दिनु भयो । हामीलाई मात्र नभै भिनाजुलाई पनि फलफूलले भरिएको प्लेट टक्राउनु भयो दिदी जगदम्बिकाले । श्रीमतीको भरिएको भकारी सरी मायाले ढपक्कै ढाकेको थियो भिनाजु विष्णुदत्तलाई ।

हाम्रो मात्र नभै कस्केलीकै प्यारो विष्णुदत्तको २०८२ असार २७ गतेको मृत्युले लालितपुर वडा नं २ सानेपा, पोखरा हुँदै पचभैयालाई रुवायो । हामीले एक असल अभिभावक गुमाएका छौ । जस्तो रुप उस्तै व्यवहार । सदैव हँसीलो अनुहार । कसैले हामी माझ जीउँदो मान्छे को हुनुहुन्छ भनेर सोध्नु भयो भने उनै भिनाजु विष्णुदत्तको नाम लिन सक्छु । उहाँलाई मैले चिने जाने देखी हाम्रो आफन्तको हरेक परिवारको सदस्यको ढुकढुकी बन्नु भएको थियो । तर जति प्यारो र मायालू भए पनि यस संसारवाट विदा भएर जानै पर्दोरहेछ । त्यसैले हरेक जीवनको शुरुवातसंगै एउटा



१३ औं दिनको पुण्य तिथिको सन्दर्भमा

ध्रुर्वसत्यता पनि संगै हुन्छ त्यो हो मृत्यु । सजिव भएर जन्मेपछि जीवन छोटो वा लामो होला तर सवैको अन्त्य निश्चित छ । तथापि त्यो तितो यर्थाथलाई भुलेर जीवन र मृत्युबिचको अवधि भित्र आफ्नै तरिकाले जिउने प्रयास सबैको हुन्छ । जीवन चउरेली पिङको पिर्का जस्तै हो । पिर्का कहिले माथी कहिले तल भए झै ढीलो चाँडो यो संसारबाट अवश्य पनि विदा हुनुपर्छ । जीवनको जीउने क्रममा कसको मृत्यु कसरी हुन्छ ? भनेर आज सम्म कसैले पनि भन्न सकेको छैन । मानिसको मृत्यु पश्चात हरेकमा केही न केही उल्लेखनीय छाप छाडेर गएको पाइन्छ । घिमिरे परिवार र हामी आफन्त विच विष्णुदत्त भिनाजुको सालीन, सहयोगी, समान व्यवहार, हक्की स्वभाव र सबैका आँखाको नानि बन्नु भएको थियो । हामी सवैको जीवनमा सदा घुमिरहने र नविर्सने छाप टाँसीएको छ । भिनाजु घिमिरे आफन्त, छरछिमेक र हरेक टोलमा सवैसँग मिलेर बस्नु भएको थियो । केही समयदेखि उहाँलाई शरीरमा समस्या आएको थियो । तर भिनाजु युवा अवस्थादेखि नै कर्मठ र प्रभावशाली हुनहुन्थ्यो । पञ्चायतकालमा विद्यार्थी अवस्था पार गरेपछि राजनीति क्षेत्रमा पनि होमिनु भयो । २५ वर्षको युवा जोशमा नै प्रधानपञ्च निर्वाचित हुनु भएको थियो । युवा जोश निकालेर उहाँले गाउँको विकासका धेरै काम गर्नु भएको स्थानीय वताउँछन् । समाजसेवी र राजनीति मात्र नभै सरकारी सेवामा पनि प्रवेश गर्नुभएको थियो । अमरसिद्ध नमुना मावि पोखरा ३१ पचभैयाका पूर्व प्रधानाध्यापक र विद्यालय व्यवस्थापन समितिका पूर्व अध्यक्ष भएर शैक्षिक क्षेत्रमा पनि ठूलो योगदान गर्नुभएको थियो ।

शिक्षा क्षेत्रमा अब्बल घिमिरे पत्रकारितालाई पनि विकास गर्नु पर्दछ भनेर पोखराका पत्रकारहरु सँग धेरै पटक चासो र चिन्ता लिनुहुन्थ्यो । समाज, जिल्ला हुँदै राष्ट्रको विकासको लागि पत्रकारको सवै भन्दा ठूलो भुमिका हुने भएकोले पत्रकारालाई सदैव इजत गर्नुहुन्थ्यो भिनाजुले । पोखराका पहिलो पत्रकार सिग्दलको प्रेणाले आज धेरै पत्रकार पोखरामा जन्मनु भएकोमा खुशी हुनुहुन्थ्यो भिनाजु । पत्रकारिता क्षेत्र सदैव राम्रो होस भनेर सामाजिक र शिक्षा क्षेत्रमा मात्र नभै घिमिरे परिवार र सिग्देल परिवारको पहलमा स्थापना गरिएको जगन्नाथ सिग्देल युवा प्रोत्साहन पुरस्कार नेपाल पत्रकार महासंघ कास्कीले २०६८ सालदेखी संचालन गर्दै आएको छ । सो पुरस्कारको अक्षयकोषमा १० लाख रुपैयाँ रहेको छ । सो अक्षयकोषको रकम दिदी जगदम्बिका र भिनाजु विष्णुदत्तले व्यवस्थापन गर्नु भएको हो । सो पुरस्कार कास्की शाखाले हरेक वर्ष युवा पत्रकारलाई प्रदान गर्दै आएको नेपाल पत्रकार महासंघ कास्की शाखाका अध्यक्ष माधव वरालले पोखरापत्रलाई वताउनु भयो ।

म सँग पनि जीवनमा धेरै पटक भेट हुनु भएको थियो । जुन भेट मेरो जीवनको लागि सदैव स्मरणीय क्षण बनेको छ । उहाँको बचन मेरा लागि मार्गदर्शन भइरहेको छ । भिनाजुको मिठो वचन र सहज व्यवहारले आज पनि उहाँको शरीर हामी विच नभएपनि उहाँको व्यवहार मलाई मात्र होइन समग्र कस्केलीले विर्सन सक्दैन । कस्केली र सानेपा वासीलाई मात्र नभै भिनाजुको घिमिरेको भान्जा कृष्णवन्दु खनालले हजुरबाको मृत्युले हाम्रो परिवारको मियो ढल्यो भन्दै उहाँले जीवनमा दिनु भएको हरेक सल्लाह,सझाव दिमागमा घुमिरहेको पोखरापत्रलाई वताउनु भयो ।

लमजुङ मध्यनेपाल नगरपालिका वडा नम्बर ७ (साविक इशानेश्वर गाविस) मा २००८ साल फागुन १८ गते बाबा एकनाथ घिमिरे र आमा अम्बिका घिमिरेको कोखवाट जन्मनु भएको थियो । भिनाजुका छोरी उर्जा, छोराहरु जगतज्योति, जगतजीवन र जगदीश पनि आफ्नो अफ्नो स्थानमा असल कार्य गरेर वस्नु भएको छ । आँखामा राखे पनि नविझाउने दिदी भिनाजु जस्तै भान्जी र भान्जाहरु पनि उस्तै हुनुहुन्छ । यस दुःखद घडीमा शोकसन्तप्त परिवारजनप्रति समवेदना व्यक्त गरी दिवंगत भिनाजु प्रति श्रद्धासुमन अर्पण गर्दछु ।

# साउनको सोमबार देवघाटमा ३५ हजार भक्तजनको आगमन

**पोखरापत्र संवाददाता**
तनहुँ, ६ साउन

साउनको पहिलो सोमबार तनहुँको देवघाटमा ३५ हजार भक्तजन स्नान तथा पूजाअर्चनाका लागि आएका छन् । यो सङ्ख्या अघिल्लो वर्षको साउनको पहिलो सोमबारको तुलनामा बढी रहेको देवघाट क्षेत्र विकास समितिले जनाएको छ ।

अघिल्लो वर्षको पहिलो सोमबार २५ हजार भक्तजन आएकामा यस वर्ष ३५ हजार भक्तजन बोलबम मेला भर्न आएका समितिका कार्यकारी निर्देशक सदन बरालले राससलाई जानकारी दिनुभयो । उहाँका अनुसार देवघाटमा स्नान गर्नका लागि बिहानैदेखि भक्तजनको घुइँचो लागेको हो । साउनमा त्रिशूली र कालीगण्डकी नदीको बहाव बढ्ने हुँदा मेलामा स्नान गर्न आउने भक्तजनको सुरक्षाका लागि तनहुँ र चितवनतर्फ सुरक्षा सतर्कता बढाइएको बरालले बताउनुभयो । नदी किनारमा बिजुली बत्तीको प्रबन्ध गर्ने, नदीमा स्नान गर्ने भक्तजनको सुरक्षाका लागि डोरीसहितको दुई वटा डुङ्गाको व्यवस्थापन गरिएको उहाँले जानकारी दिनुभयो ।

त्यसैगरी, मेलाअघि प्रत्येक आइतबार र मेला पछि प्रत्येक मङ्गलबार वेणी सङ्गममा सरसफाइ गर्ने पनि बरालले बताउनुभयो । मेलामा आउने भक्तजनको सुरक्षाका लागि साउन महिनाभर इलाका प्रहरी कार्यालय देवघाटमा प्रहरी जनशक्ति थप गरिएको छ । चितवन, तनहुँ र नवलपुरको सङ्गमस्थल देवघाटमा साउनको सोमबार हरेक वर्ष उत्सवका रूपमा मनाइने बोलबम मेलामा देशविदेशबाट हजारौँ भक्तजन आउने गर्छन् । साउने सोमबार देवघाटको पवित्र जल र बेलपत्रले शिवको पूजाआराधना गरे मनोकामना पूरा हुने धार्मिक विश्वास रहेको देवघाट क्षेत्र विकास समितिका पूर्वअध्यक्ष शिवराज पौडेलले बताउनुभयो ।

यसैगरी पाल्पाका प्रसिद्ध धाम तथा शिव मन्दिरमा पूजाआजा एवं दर्शन गर्ने श्रद्धालु भक्तजनको घुइँचो लागेको छ । सोमबार बिहानै ४ बजेदेखि तानसेनको नारायणस्थान, तिनाउको दोभान सिद्धबाबा मन्दिर, बगनासकालीको बराङ्दीस्थित महामृत्युञ्जय शिवासन, सिद्धबाबा धाम तानसेनको ठुटेपीपल बद्रेश्वर शिवालय, बतासेडाँडा, प्रभास, नारायणस्थान, दमकडा, रामपुरलगायतका शिवालय मन्दिरमा भगवान् शिवको पूजाआजा गर्ने भक्तजनको घुइँचो लागेको हो । तानसेनको नारायणस्थान मन्दिरमा यस वर्षदेखि स्नान गर्न कालीगण्डकीको पानी मन्दिर परिसरको पोखरीमा व्यवस्था गरिएकाले पनि भक्तजनको भीड बढेको नारायण युवा क्लबका अध्यक्ष प्रविनराज शाक्यले बताउनुभयो । उहाँका अनुसार क्लबको सहकार्यमा यही साउन १ गतेदेखि यहाँको १०८ गौमुखे धारा भक्तजनका लागि खुला गरिएको छ ।

# बागलुङमा पाँच हजार ८७२ घर बाढी पहिरोको जोखिममा

**पोखरापत्र संवाददाता**
बागलुङ, ६ साउन



बागलुङमा हरेक वर्ष वर्षातको समयमा बाढी पहिरोले धनजनको क्षति हुने गरेको छ । यस वर्ष पनि वर्षात सुरु भएकाले जिल्ला विपद् व्यवस्थापन समितिले जोखिम क्षेत्रको पहिचान गरी नागरिकलाई सचेत गराउँदै आएको हो ।

यस वर्षको मनसुनमा जिल्लाभर पाँच हजार ८७२ घर बाढी पहिरोको जोखिममा छन् । जोखिममा रहेका बस्ती तथा घरमा बस्दा सहजकता अपनाउन विपद् व्यवस्थापन समितिले सुझाव दिएको छ । यहाँका अधिकांश बस्ती खोला किनार र भिरालो जमिनमा रहेकाले वर्षातको समयमा बाढी पहिरोको जोखिममा पर्ने गरेका छन् ।

जिल्लामा सबैभन्दा बढी निसीखोला गाउँपालिकाका जोखिममा छन् । यस पालिकामा दुई हजार ४३८ घर बाढी पहिरोको जोखिममा रहेका समितिले जनाएको छ । सबैभन्दा कम जोखिमयुक्त घर जैमिनी नगरपालिकामा छन् । जैमिनीमा १६ घर जोखिममा रहेका जिल्ला विपद् व्यवस्थापन समितिले जनाएको छ ।

सहायक प्रमुख जिल्ला अधिकारी पुष्पराज पौडेलका अनुसार बागलुङ नगरपालिकामा एक हजार ५५४, ढोरपाटन नगरपालिकामा ३९०, गलकोट नगरपालिकामा १२५, बरेङ गाउँपालिकामा २१०, बडिगाड गाउँपालिकामा १६०, तमानखोला गाउँपालिकामा ११५, ताराखोला गाउँपालिकामा १४४ र काठेखोला गाउँपालिकामा ७२० घर बाढी पहिरोको जोखिममा परेका हुन् ।

घरसँगै विद्यालय, सिँचाइ, कुलो, विद्युत् गृह, सयौँ रोपनी खेतीयोग्य जमिन जोखिममा रहेका उहाँले बताउनुभयो । उहाँले भन्नुभयो, "वर्षातको समय छ, जोखिम रहेका घर तथा बस्तीमा जतिबेला पनि बाढी पहिरोले बगाउन सक्छ, सबै नागरिक सचेत हुन जरुरी छ, हामीले पनि सबै नागरिकलाई सचेत हुनका लागि आग्रह गरेका छौँ, जोखिम मोलेर बस्नु हुँदैन भनेका छौँ, वर्षा हुँदा सुरक्षित स्थानमा गएर बस्नुको विकल्प हुँदैन, विगतमा बाढी पहिरोबाट धेरैले ज्यान गुमाउनुभएको छ ।" निसीखोला गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत जीवन पुन मगरले वडा नं १ को हुल्दी क्षेत्रमा सबैभन्दा बढी घर पहिरोको जोखिममा रहेका जनाउँदै बस्ती अन्यत्र सार्नुपर्ने अवस्था रहेको बताउनुभयो । एकीकृत बस्ती निर्माण गरेर स्थानीयलाई पुनःस्थापित गर्न केन्द्र र प्रदेश सरकारसँग सहकार्य गर्ने उहाँको भनाइ छ ।

विपद् व्यवस्थापनका लागि पूर्वतयारीका गरिरहेको भन्दै राहत र उद्धारका लागि 'विपद् व्यवस्थापन कोष' बनाइएको पुनमगरले जानकारी दिनुभयो । "निसीखोलाको अधिकांश ठाउँ र सयौँ घर जोखिममा छन् । पालिकाको सीमित स्रोतसाधनले बस्ती स्थानान्तरण नभ्याउने हुँदा माथिल्लो तहका सरकारसँग सहकार्य गर्नुपर्छ", उहाँले भन्नुभयो, "अहिले विपद्बाट नागरिकलाई जोगाउन सचेतना फैलाउने काम भइरहेको छ । त्योबाहेक विपद्मा परेकालाई राहत तथा पुनःस्थापनाका लागि रु ३० लाखको कोष बनाएका छौँ, उद्धारलाई प्रभावकारी बनाउन निसीखोलाका तीनवटै चौकीलाई उद्धार सामग्री हस्तान्तरण गरेका छौँ ।"

## उमेर ढल्कदैँ जाँदा धनसुवा परियारमा पलाएको जोश: 'राजनीति,समाजसेवासँगै उद्यमशीलता'

**राधाकृष्ण डुम्रे**
वालिङ, ६ साउन




स्याङ्जाको वालिङ नगरपालिका-१४ की धनसुवा परियार उमेरले ६२ बर्ष लाग्नु भयो । उमेर जति ढल्कदै गयो काम गर्ने उत्साह र जोश उहाँमा झनै बढेको छ ।

समाजसेवाबाट राजनीतिमा प्रवेश गर्नु भएकी परियार वडा सदस्यको रुपमा काम गरेको तीन बर्ष पुरा भएको छ । उहाँ भन्नुहुन्छ, "समाजसेवा गरेको त बर्षौ भईसक्यो तर नेतृत्व गर्ने गरी बेलैमा राजनीति गरेको भए म पहिले नै अर्कै भईसक्ने रहेछु,यो अवसर मैले ढिलो गरी पाएछु ।" संघीयता र नयाँ संविधानले यो अवसर दिएकोमा उहाँ दङ्ग हुनुहुन्छ। गाउँमा गरेको योगदानका कारण प्रतिस्पर्धी उमेद्वार भन्दा झण्डै दोब्बर मतले जित हात पार्नु भएकी धनसुवा प्रतिस्पर्धी राजनीति गर्नेलाई पनि सँगसँगै लिएर हिडिरहनु भएको छ। उमेर बढेपनि जिम्मेवारीबाट पछि नहटेको भन्दै उहाँलेभन्नुभयो,"घरपरिवार,श्रीमान् सबैबाट साथ पाएकी छु त्यसैले त सानोतिनो काम गर्दै समाजसेवामा सफल भएकी हुँ ।" राजनीति,समाजसेवा र उद्यमशीलतालाई सँगसँगै लैजानु पर्ने उहाँको भनाई छ ।

उहाँका दुई छोरा र दुई छोरीको विवाह भईसकेको छ । सबै आआफ्ना काममा लागेका छन् तर पनि उहाँ आफैलाई समाजसेवा र राजनीति गर्दा लाग्ने खर्च आफै जोहो गर्दै आउनु भएको छ ।

**वडा सदस्य भए पछि नयाँ स्वरुपको व्यवसाय**

वडा सदस्य भए पछि प्राप्त हुने गरेका विभिन्न तालिमले धनसुवा परियारको घरमा पनि परिवर्तन ल्याएको छ । आफ्ना श्रीमान् बल बहादुर परियारसँग मिलेर बजारमा सिलाईबुनाई पसल चलाउनु भएको छ । दुबै जना मिलेर वालिङ नगरपालिका-९ भुम्रेमा पसल खोलेको दुई बर्ष भएको छ। गाउँमा मात्रै बसेर गर्ने सामान्य सिलाईबुनाईबाट घरखर्च गर्न पनि समस्या थियो अहिले बचत समेत गर्न सुरु गरेकी छु उहाँको थप्नु भयो । वडा सदस्य निर्वाचित भएसँगै 'दलित महिला केन्द्र नेपाल'ले सञ्चालन गरेको तालिमले उत्प्रेरणा दिएको सम्झनु हुँदै उहाँ भन्नुहुन्छ,"समाजसेवा मात्रै होईन उद्यमी पनि बन्नु पर्छ भन्ने सिके जसलाई मैले तत्कालै व्यवहारमा उतारे ।" स्थानिय सरकारमा जनप्रतिनिधिको रुपमा नेतृत्व गर्ने क्रममा दलित महिला केन्द्र नेपालद्वारा आयोजित विभिन्न कार्यक्रमहरुले हौसला र उत्प्रेरणा दिने गरेको उहाँको भनाई छ ।

पछिल्लो समय अचानक प्रतिनिधि बन्न पुगेका महिलाहरु समेत दक्ष बन्दै गएका उहाँको बुझाई छ । केन्द्रले निरन्तर दिँदै आएको प्रशिक्षण र तालिमले सामान्य अवस्थामा जनप्रतिनिधि बनेका महिलाहरु आगामी निर्वाचनमा वडा अध्यक्षको रुपमा नेतृत्व गर्न सक्ने क्षमताका भएका छन् ।

**गाउँलेको सोच परिवर्तनकी अगुवा**

गाउँलेहरुको सोच र व्यवहारमा भएको परिवर्तन देखेर धनसुवा निक्कै खुसी हुनुहुन्छ । अस्तव्यस्त रुपमा रहेको वालिङ नगरपालिका वडा नं.१४ को दलित बस्ती अहिले नाम मात्रै परिवर्तन भएको छैन स्थानीयको सोचमा पनि देखिनेगरी परिवर्तन आएको छ । कुनै बेला सामान्य विषयमा पनि दिन नै खर्चनु परेको सम्झदै धनसुवा भन्नुहुन्छ,"सोचमा आएको परिवर्तन देख्दा निक्क हर्ष लाग्छ ।" अहिले गाउँको नाम मात्रै होईन गाउँलेको सोच पनि परिवर्तन भएको छ ।

झण्डै ५० परिवार दलित बस्दै आएको गाउँमा घर आगन मात्रै होईन वरपरको सरसफाई पनि निक्कै राम्रो छ ।

२०७९ सालको स्थानीय तहको चुनावमा दलित महिला वडा सदस्यमा निर्वाचित हुनु भएकी धनसुवाको नेतृत्वदायी भूमिकालाई गाउँका पुरुषहरुले पनि सहजै स्वीकार गर्छन । गाउँमा हुने सामान्य झैझगडा देखि अंशबन्डा सम्मका क्रियाकलापमा उहाँको उपस्थिति अनिवार्य जस्तै बन्ने गरेको छ ।

नेपालमा संघीयता सहितको संविधान लागुभएसँगै २०७४ को स्थानीयतहको चुनाव धनसुवा परियार सक्रियता पूर्बक लाग्नु भयो । वडा कै अगुवा दलित महिलाको रुपमा पहिचान बनाउनु भएकी धनसुवालाई नगरभित्रका दलित महिला वडा सदस्यले समेत विभिन्न कार्यक्रममा बोलाउने गर्दथे । जसको प्रभावले उहाँ गाउँको स्वरुप नै परिवर्तन गर्न सफल हुनु भयो । उहाँ भन्नुहुन्छ, "निर्वाचित जनप्रतिनिधिले लिन पाउने तालिमहरु मैले पनि लिन पाँए जहाँबाट मैले आफै नेतृत्व गर्नु पर्दछ अर्थात स्व-नेतृत्व हुनु पर्दछ भन्ने बुँझे" यसलाई व्यहारमा उतारेर गाउँका महिला दिदी बहिनीहरुसँग मिलेर काम गर्दै आएको उहाँको भनाई छ ।

तत्कालिन अवस्थामा सुरु भएको 'गरिवसँग विश्वेशवर' कार्यक्रम अन्तर्गत 'शुभाष समुह' गठन भएको सम्झदै उहाँ भन्नुहुन्छ,"महिलाको सोच परिवर्तन गरेर समूहमा आवद्ध गराउनु ठूलो चुनौती थियो ।, मैले पहिले पुरुषहरुसँग सल्लाह गरेर महिलाई सहभागी गराउने अवसर मिलाए ।" पालिकाको पहिलो चुनाव पछि समूहमा समेत आमुल परिवर्तन आएको उहाँको बुझाई छ । विभिन्न तालिम र सिकाईले आफूलाई समाजसेवा गर्न प्रेरित गरेकोछ, जसले मलाई निक्कै खुसी बनाउँछ र पहिचान पनि बनाएको छ उहाँ सम्झनु हुन्छ ।

**अन्यत्रबाट बसाई सरेर आउछन् गाउँमा**

बैरै गाउँमा ३० घर रहेकोमा पछिल्लो समय बढेर ५० को हाराहारीमा पुगेको छ । अन्यत्र बसाईँसराइँ भईरहदा उक्त गाउँमा भने अन्यत्रबाट बसाई सरेर आउने क्रम बढेको छ । गाउँले सबैले महिलाको नेतृत्वलाई स्वीकार गरेकै कारण गाउँमा परिवर्तन आएको वडा नं.१४ का वडा अध्यक्ष बोधराज कुँवरको भनाई छ । उहाँ भन्नुहुन्छ,"धनसुवा परियार गाउँको सर्व स्वीकार्य व्यक्तित्व भएर काम गर्नु हुन्छ,त्यसैले नतिजा पनि देखिएको छ ।" राजनीतिमा आए पछि उहाँमा झनै परिवर्तन ल्याईदिएको भन्दै कुँवरले उहाँ उद्यमी समेत बनेको बताउनु भयो । देश संघीयतामा गईसकेपछि वडा तहबाट नै आरक्षणको व्यवस्था गरिएको छ, वडा सदस्यमा अनिवार्य रुपमा दलित त्यसमा पनि महिला हुनै पर्ने कानुन भएकै कारण दलित महिलाहरु नेतृत्वमा पुग्ने क्रम बढेको छ । संघीयता र नयाँ संविधानले दिएको यस्तो सुनौलो अवसरलाई सदुपयोग गर्दै देशमा सबैको समान सहभागिता र पहुँचमा बृद्धि गर्नु जरुरी छ ।

## बेनी-अर्थुङ्गे-पुलाचौर सडक: बेनी-पुरुण्डी खण्ड पक्की बन्यो

**पोखरापत्र संवाददाता**
म्याग्दी, ६ साउन

म्याग्दीको बेनी-अर्थुङ्गे-पुलाचौर सडक योजनाअन्तर्गत बेनीबाट अर्थुङ्गे हुँदै पुरुण्डी खण्डको सडकलाई पक्की बनाइएको छ ।

यो सडकले बेनी नगरपालिका-६, ५ र मङ्गला गाउँपालिकाको १ नम्बर वडाका बस्तीलाई जिल्ला सदरमुकाम बेनीसँग जोड्छ । बेनीबाट बेनी -६ अर्थुङ्गे-बाँसबोट-एकपाटे-अवेचौर हुँदै पुरुण्डीसम्म छ किलोमिटर सडकलाई ढलान र कालोपत्र गरेर पक्की बनाइएको बेनी नगरपालिकाका प्रमुख सुरत केसीले बताउनुभयो ।

"बेनीबाट अर्थुङ्गे हुँदै पुलाचौर जोड्ने सडक योजना बेनी नगरपालिकाको प्राथमिकताप्राप्त क्रमागत योजना हो", उहाँले भन्नुभयो, "पुरुण्डीबाट पुलाचौतर्फको सडक स्तरोन्नतिका लागि आर्थिक वर्ष २०८२/८३ मा लागि रु एक करोड ६२ लाख ५० हजार विनियोजन भएको छ ।" बेनी-अर्थुङ्गे पुलाचौर सडक स्तरोन्नतिका लागि बेनी नगरपालिकाले आर्थिक वर्ष २०८१/८२ मा दुईवटा योजना सञ्चालन गरेको थियो । गत वर्षसम्म बेनीबाट अर्थुङ्गे हुँदै बेनी नगरपालिका-६ बाँसबोटसम्म ढलान र कालोपत्र भएको थियो ।

रु ६२ लाख ६७ हजार ८३८ मा ठेक्का सम्झौता भएको योजनामार्फत एकपाटे र अवेचौर क्षेत्रमा ४२६ मिटर प्रिमिक्स कालोपत्र, एक सय ३० मिटर ढलान र एक सय ९० मिटर पक्की नाली निर्माण भएको बेनी नगरपालिकाका प्राविधिक मिलन केसीले बताउनुभयो । सडक बोर्डको कार्यक्रमअन्तर्गत रु ६८ लाख ७९ हजार ४९८ मा ठेक्का सम्झौता भएको योजनामार्फत पुरुण्डी खण्डमा दुई सय ३२ मिटर ढलान, एक सय ५० मिटर पक्की नाली, पर्खाल निर्माण सकिएको र ७२ मिटर प्रिमिक्स कालोपत्र गर्न बाँकी छ । कालोपत्र र ढलानअघि सडक फराकिलो बनाउने, नाली र कुनातर्फ टेवा पर्खाल निर्माण भएको छ । यसअघि सडक चार मिटरको अनुपातमा फरालिको थियो । विस्तार गरेर सात मिटरको अनुपातमा फराकिलो पारिएको छ । एकपाटेका बासिन्दा विष्णुदत्त शर्मा मार्ग खुलेको करिब दुई दशकपछि सडक स्तरोन्नति भएसँगै आवतजावतमा सहज भएको बताउनुभयो । "सडक सुधार भएसँगै यसअघि एकपाटेबाट बेनी आउन ४० मिनेट लाग्ने गरेकामा अहिले यात्राअवधि १० मिनेटमा छोटिएको छ", उहाँले भन्नुभयो, "हिलो र धुलोमुक्त सफा सडकमा सुरक्षित रूपमा यात्रा गर्न पाउँदा दङ्ग परेका छौं ।" स्तरोन्नति भएको सडकमा नियमित यातायातका साधन सञ्चालन गर्न र भाडादर समायोजन गर्न स्थानीयवासीले माग गरेका छन् । स्थानीयको मागअनुसार जिल्ला प्रशासन कार्यालयसँग समन्वय गरी नयाँ आर्थिक वर्षको सुरुआतसँगै नयाँ भाडादर लागि गरिएको नगरपालिकाले जनाएको छ ।

## उद्योग कार्यालयको ९७ प्रतिशत भौतिक प्रगति

**पोखरापत्र संवाददाता**
स्याङ्जा, ६ साउन

पर्यटन तथा उद्योग कार्यालय स्याङ्जाले वार्षिक योजनामा झण्डै ९७ प्रतिशत भौतिक प्रगति गर्न सफल भएको छ । कार्यालयले आर्थिक वर्ष २०८१/०८२ मा संचालित योजना मध्ये ९६ दशमलब ५७ प्रतिशत योजनामा भौतिक प्रगति गर्न सफल भएको हो ।

कार्यालय मार्फत उक्त आर्थिक वर्षमा संचालित कुल ३० योजना मध्ये २९ वटा योजना सम्पन्न गरेको छ । ३० योजनाका लागि विनियोजित २ करोड ५५ लाख मध्ये २ करोड ३७ लाख १५ हजार रुपैयाँ खर्च गरेर कार्यालयले भौतिक प्रगतिसँगै ९३ प्रतिशत वित्तीय प्रगति हासिल गरेको छ ।

'प्रदेश सरकार उद्योग तथा पर्यटन मन्त्रालयबाट जिल्लालाई ३० वटा योजनाहरु प्राप्त भएको थियो ।' पर्यटन तथा उद्योग कार्यालय प्रमुख नारायण ढकालले भने, ३० वटै योजनाको निर्माण सम्झौता भएपनि २९ वटा मात्रै योजनाहरु निर्माण सम्पन्न गरिएको छ ।' उनले भने, '३० वटै योजना सम्पन्न गरेको भए भौतिक र वित्तीय प्रगति थप राम्रो हुने थियो ।'

जिल्लाका ११ पालिका मध्ये वालिङ्मा ५, गल्याङ्मा ४, आँधीखोलामा ४, कालिगण्डकीमा३पुलतीबजारमा३, फेदीखोलामा ३, अर्जुनचौपारीमा ३, भीरकोटमा २, चापाकोटमा २, बिरुवामा १ गरी ३० मध्ये २९ वटा योजना निर्माण भएको छ । भीरकोटका २ मध्ये १ योजना सम्झौता भएर पनि निर्माण हुन सकेन ।

पदमार्ग, पार्क निर्माण, मन्दिर संरक्षण र पर्यटन पूर्वाधार विकासमा बजेटको प्राथमिकता रहेको बताउँदै कार्यालयका प्रशासन शाखा प्रमुख कृष्ण लम्सालले भने, 'बजेटबाट ऐतिहासिक मठमन्दिर संरक्षण र आन्तरिक तथा बाह्यि पर्यटक लोभ्याउने पदमार्ग र पार्क निर्माण गरिएको छ ।'

पर्यटन तथा उद्योग कार्यालयले अघिल्लो आर्थिक वर्षको तुलनामा पछिल्लो वर्ष राजश्व संकलनमा समेत बृद्धि गर्न सफल भएको छ । अघिल्लो वर्ष ३३ लाख राजश्व संकलन गरेको कार्यालयले पछिल्लो वर्ष झण्डै २२ लाखले बढि कुल ५५ लाख ५५ हजार ७ सय ७० रुपैयाँ राजश्व संकलन गरेको लम्सालले जानकारी दिए ।

रकम अभावमा योजना अलपत्र र निर्माण व्यवसायीको लापरबाहीले समयमै काम हुन सकेन भन्ने खबरले सर्वसाधारण आजित छन् । उद्योग कार्यालय स्याङ्जाले भौतिक र वित्तीय प्रगतिमा देखाएको सफलता अन्य कार्यालय र निर्माण कम्पनीले अनुशरण गर्नुपर्नेमा जिल्लाका अगुवाको जोड छ ।

## सिक्लेस पर्यटन व्यवस्थापन समितिमा लेख बहादुर

**पोखरापत्र संवाददाता**
पोखरा, ६ साउन



कास्कीको पर्यटकीय गाँउ सिक्लेसमा सिक्लेस पर्यटन व्यवस्थापन समितिको पुर्नगठन भएको छ ।

पर्यटन व्यवसायी लेख बहादुर गुरुङको अध्यक्षतामा १३ सदस्यीय समिति गठन गरेको हो। समितिका उपाध्यक्षमा सन्तोषी गुरुङ, सचिवमा बेल प्रसाद गुरुङ, कोषाध्यक्षमा नौमाया गुरुङ र सदस्यहरुमा कोषाध्यक्ष टंक प्रसाद गुरुङ,लिल बहादुर गुरुङ, टाईमाया गुरुङ, तुल प्रसाद गुरुङ "प्रकाश", होमन गुरुङ, दिनेश गुरुङ, रमेश बि. क., लेख प्रसाद गुरुङ र शशी गुरुङ चयन भएका हुन् ।

क्षेत्र व्यवस्थापन समिति पार्चे मादी १ का सचिव गेहेन्द्र गुरुङको अध्यक्षता भएको कार्यक्रममा मादी गाउँपालिका वडा नं १ का वडाध्यक्ष देबीजंग गुरुङको प्रमुख आतिथ्यतामा सम्पन्न भएको थियो। कार्यक्रममा बोल्दै वडाध्यक्ष गुरुङले अन्तर्राष्ट्रिय क्षेत्रमा समेत पर्यटकीय क्षेत्रको रुपमा परिचित यस क्षेत्रमा थप पर्यटकीय गतिविधि संचालन गर्न समितिले सक्रियता देखाउने विश्वास व्यक्त गरे ।

एक्याप सिक्लेसका कार्यालय प्रमुख संग्राम कार्की, समाजसेवी लेख बहादुर गुरुङ लगायतले नवनिर्वाचित समितिलाई बधाई दिँदै, पर्यटन विकासमा थप भुमिका निर्वाह गर्ने बताए ।

उक्त कार्यक्रममा जनप्रतिनिधि, संरक्षण क्षेत्र व्यवस्थापन समिती, उप-समिती, होटल ब्यवसायी, होमस्टे संचालक, आमा समुह, युवा क्लव, टोल संयोजकहरुको उपस्थिति रहेको थियो ।

## केदारनाथमा पदमार्ग निर्माण

**पोखरापत्र संवाददाता**
वालिङ, ६ साउन



गल्याङनगरपालिका-७स्थित धार्मिक एवम् पर्यटकीयस्थल केदारनाथसम्म पुग्न पदमार्ग निर्माण गरिएको छ । गल्याङ-८ चिउरीस्थित सुनौली-पोखरा जोड्ने सिद्धार्थ राजमार्गबाट केदारनाथ मन्दिरलाई जोड्ने गरी पदमार्ग निर्माण गरिएको हो ।

अग्लो पहाडमा अवस्थित केदारनाथ मन्दिरसम्म दर्शनार्थीको सहजताका लागि गल्याङ नगरपालिकाले पदमार्ग निर्माण गरेको हो । दर्शनार्थीलाई आवतजावत गर्न सहज होस् भन्ने उद्देश्यले पदमार्ग निर्माण गरिएको पदमार्ग निर्माण समितिका अध्यक्ष टुकराज पाठकले बताउनुभयो । नगरपालिकाले पदमार्ग निर्माण गर्न आर्थिक वर्ष २०८०/८१ मा रु १० लाख र आव २०८१/८२ मा रु दश लाख विनियोजन गरेको उहाँले बताउनुभयो । विनियोजित बजेटबाट ३८५ मिटर लामो पदमार्ग निर्माण गरिएको छ । मन्दिरसम्म पुग्न स्टिलको रेलिङ समेत जडान गरिएको छ। सुनौली-पोखरा सिद्धार्थ राजमार्गमा यात्रा गर्ने भारतीय पर्यटकलाई समेत यसतर्फ आकर्षित गर्न सकिने उक्त मन्दिरका पुजारी काशीराम सापकोटाले बताउनुभयो ।

चट्टानै चट्टानले बनेको गुफाजस्तोमा रहेको मन्दिरमा भगवान शिवको प्रतिमूर्ति देख्न सकिन्छ । प्राकृतिक चट्टानबाट निर्मित शिवको प्रतिमूर्ति, नन्दीलगायतका अन्य थुप्रै आकृति यहाँ देख्न पाइने पुजारी सापकोटाले बताउनुभयो।मन्दिरलाईव्यवस्थित बनाउन २०७२ सालमा महायज्ञ सञ्चालन गरिएको थियो । उक्त महायज्ञबाट सङ्कलित रु दुई करोडबाट मन्दिरमा नयाँ संरचना तथा पूर्वाधार निर्माण गरिएको छ । मन्दिरलाई नयाँ स्वरुप दिइएको छ। सिद्धार्थ राजमार्गसँगै जोडिएको आँधीखोलामाथि बनेको अग्लो झोलुङ्गे पुल हुँदै झण्डै १५ मिनेटको पैदल दूरीमा यहाँ पुग्न सकिन्छ ।

## प्रमुख जिल्ला अधिकारी हुनु त यस्तो पो : अशक्तलाई घरमै नागरिकता

**पोखरापत्र संवाददाता**
तनहुँ, ६ साउन

जन्मजात शारीरिक अपाङ्गता भएकी २० वर्षीया नवीना खनालले नागरिकता प्राप्त गर्दाको क्षण उनका अभिभावमा खुसीको सीमा थिएन । मातृबात्सल्य नपाइएकी नवीनालाई ७७ वर्षीया हजुरबुबा बासुदेव खनालले पालनपोषण गर्दै आउनुभएको छ ।

म्याग्दे गाउँपालिका-१ गुणादीकी नवीनाको जन्म विसं २०६२ माघ ११ गते भएको थियो । विसं २०६८ मा उनीले आमा गुमाएकी थिइन् ।

बुबा पहिचान नभएकी नवीनालाई गाउँपालिकाले यसअघि नै अपाङ्गता भएको रातो कार्ड उपलब्ध गराइसकेको थियो । तर उहाँको नागरिकताको प्रमाणपत्र नहुँदा अपाङ्गता भत्ता भने पाउनबाट वञ्चित हुनुभएको थियो । प्रमुख जिल्ला अधिकारी रामकृष्ण अधिकारीले सोमबार घरमै पुगेर शारीरिक अपाङ्गता भएकी नवीनालाई नागरिकताको प्रमाणपत्र उपलब्ध गराउनुभएको हो । उहाँको नागरिकता प्रमाणपत्रको सम्पूर्ण विवरण जिल्ला प्रशासन कार्यालयबाट नै तयार गरी औठाछाप लगाउन मात्र बाँकी राखिएको थियो ।

प्रमुख जिल्ला अधिकारी अधिकारीले भन्नुभयो, "अपाङ्गता भएका कारण आवतजावतमा समस्या हुने भएपछि घरमै पुगेर नबीनालाई नागरिकता दियौं ।" उहाँले यस्ता कार्यले उहाँहरूको परिवारमा सरकारप्रतिको भरोसा र सकारात्मक धारणा विकास भएर जाने उल्लेख गर्नुभयो । उक्त अवसरमा म्याग्दे गाउँपालिकाका अध्यक्ष श्रीप्रसाद श्रेष्ठ, वडा नं १ का वडाध्यक्ष मणिभद्र वाग्लेलगायतको उपस्थिति थियो । म्याग्दे-१ का अध्यक्ष वाग्लेले नविना नागरिकता नहुँदा अपाङ्गता भत्ताबाट वञ्चित भएकामा सबैको पहल र प्रयासले घरमै गएर नागरिकताको प्रमाणपत्र प्रदान गर्न सकिएको बताउनुभयो ।